बैठक संख्या २/१२७

आज मिति २०७९ श्रावण ०४ गते मंगलबारका दिन सूर्यविनायक नगरपालिकाको १२७ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | सदस्य | |
| १५ | कमला पोखरेल | सदस्य | |
| १६ | शर्मिला बस्नेत | सदस्य | |
| १७ | सवित्री मिश्र | सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | सदस्य | |
| १९ | सुमन परियार | सदस्य | |
| २० | प्रजुन तिखत्री | सदस्य | |
| २१ | सुनिल भुजेल | सदस्य | |
| | | | |
| | | | |

मिति २०७९ श्रावण ०४ गते नगर कार्यपालिका (१२७ औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:

१. वार्षिक बजेट तथा कार्यक्रम कार्य योजना निर्माण ।
२. करार कर्मचारी म्याद थप सम्बन्धमा ।
२. विविध ।

**निर्णय नं १**

नगरपालिकाको एघारौ अधिवेशनबाट स्वीकृत विषयगत बजेट तथा कार्यक्रमका सन्दर्भमा वर्षिक कार्ययोजना तयार गरि स्वीकृतीका लागि पेश गर्न विषयगत शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २**

यस नगर कार्यपालिकाको कार्यालय र नगरपालिका अन्तर्गत स्वीकृत दरबन्दी अनुसार करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको म्याद अन्यथा भएकोमा बाहेक बढीमा २०८० असार मसान्तसम्मको लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

यस नगरपालिकाको विभिन्न विषयहरुको सन्दर्भमा विभिन्न अदालतहरुमा परेको रिट निवेदन उपर प्रतिउत्तर लेख्ने, बहस पैरवी गर्ने र अन्य कानूनी उपचारका लागि यस अघि देखि नै कार्यरत २ जना अधिवक्ताहरु क्रमश: श्री मोहनकृष्ण श्रेष्ठ र गोविन्द चौलागाईलाई विगतकै सेवा शर्त बमोजिम हुनेगरि सेवा करारमा निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं ४**

लोटस नोबेल एजुकेशन प्रा.लि.को तर्फबाट यस नगरपालिकाको वडा नं ४ दधिकोट स्थित अमरनगरमा शैक्षिक संस्था संचालनका लागि आवश्यक आधुनिक सुविधा सम्पन्न विद्यालय भवन निर्माणका लागि काठमाण्डौ उपत्यका विकास प्राधिकरणबाट अनुमति प्राप्त गरि सकेको हुदा नयाँ शहर आयोजना, र हनुमन्ते कोरिडोरको मापदण्ड तथा अन्य सरकारी आयोजनाहरु एव नगरपालिकाले तोकेको शर्तनामाको अधिनमा रही उक्त स्थानमा विद्यालय भवन निर्माणको प्रकृया अगाडि बढाउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

यस नगरपालिकाको नगरसभाको दशौं अधिवेशनबाट स्वीकृत एव एघारौं अधिवेशनबाट संसोधित संगठन संरचना र दरवन्दी तेरिजमा नगर कार्यपालिकाको कार्यालयमा आर्थिक प्रशासन शाखा प्रमुखको रुपमा सातौ तहको लेखा अधिकृत एवं सूर्यविनायक नगर अस्पताल, जगातीमा आठौ तहको लेखा अधिकृतको दरवन्दी स्वीकृत गरिएकोले विगतमा दधिकोट अस्पतालमा पदस्थापना

भएका आठौं तहका लेखा अधिकृतलाई सूर्यविनायक नगर अस्पताल जगातीको रिक्त पदमा पदस्थापना गर्ने एवं नगरपालिकामा रिक्त सातौ तहको लेखा अधिकृतको पदमा लेखाको (सुत्र) सफटवेयर संचालन गर्न समक्ष, स्थानीय तहमा विद्युतीय लेखा प्रणाली संचालन सम्बन्धी अनुभव भएको र कार्यालयलाई अटोमेशनमा लैजादा प्रभावकारी रुपमा आर्थिक प्रशासन संचालन गर्न सक्ने क्षमता भएको ईच्छुक लेखा अधिकृत सातौ तहलाई सरुवा सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

आर्थिक वर्ष २०७८।७९ मा कार्य सम्पन्न भई भुक्तानीका लागि पेश भएको तर विविध कारणले (सुत्र सफ्टवेयरमा प्राविधिक समस्या) भुक्तानी गर्न बाँकि रहेका योजना तथा कार्यक्रमको सन्दर्भमा नियमानुसारको प्रकृया पुरा गरी यस आ.व.मा भुक्तानी दिन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।